बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर :

सूचना प्रकाशन: २०८३/०४/२०

## जनहितमा जारी सूचना !

### के तपाईले बाणगंगा नगरपालिका भित्र जग्गा खरिद गर्दै हुनुहुन्छ ? ध्यान दिनुहोला है ।

क. सर्वप्रथम जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति बुझेर सो कित्ता निजको हक भोगमा छ/छैन प्रष्ट हुनुपर्छ । जग्गा धनीलाई थाहै नभई अन्य कुनै व्यक्तिले जग्गा बिक्री गरेको वा गर्न खोजिएको कतिपय घटना हामीले सुन्दै आईरहेका छौं । त्यसैले यो कुरामा सतर्क रहनुहोला ।

ख. फिल्डमा मात्र होइन, नक्सामा सार्वजनिक बाटो कायम रहेको, छ/छैन? नगरपालिका, नापी र मालपोत कार्यालयमा गई चेकजाँच गर्नुहोला ।

ग. कुलो ढाकेर, छोपेर, मिचेर बाटो कायम गरिएको त छैन ? यसरी बनाइएका बाटोहरु गैरकानुनी हुन् । यस्ता जग्गामा लगानी गर्दा पछुतो हुन सक्छ ।

घ. तपाईले किन्न लागेको जग्गा कुलो किनारको त होईन ? फिल्डमा एकातिर देखाउने, नापी नक्सामा अन्यत्र भएर दुख पाएका घटनाहरु प्रशस्त छन् । सुरुमा सावधानी अपनाएको खण्डमा पछि दुख पाउन र ठगिनबाट बचिन्छ ।

ङ. सार्वजनिक जग्गा मिचेर फिल्डमा बाटो कायम गरि कित्ता ठुलो देखाई तपाईलाई झुक्काईएको त छैन ?

च. जग्गा कतै उच्च भोल्टेजका बिजुली तार ( High Tension Line) मुनि त पर्दैन ?

छ. बाणगंगा नगरपालिकाको सडक मापदण्ड अनुसार उक्त सडकको अधिकार क्षेत्र ( Right Of Way) भित्र पर्छ कि पर्दैन बुझ्ने ।

ज. पोखरी, दलदल, खाल्टो, गडाहा वा पानीको मुहान पेरेर सम्याइएको जग्गा पो किन्दै हुनुहुन्छ कि ? यस्ता जग्गामा घर बनाउँदा पछि भासिने सम्भावना हुन हुन्छ ।

झ. तपाईले के प्रयोजनका लागि जग्गा खरिद गर्न लाग्नु भएको हो र उक्त जग्गा नगरपालिकाबाट कुन प्रयोजनका लागि वर्गीकरण गरिएको छ जस्तै आवास, कृषि, व्यवसायीक आदि कुरा बुझेर पहिचान गरेर मात्र खरिद गर्नुहोला ।

ञ. जग्गा रैकर वा गुठी के हो प्रस्ट हुने । उक्त जग्गामा मोहि भए/नभएको फिल्ड हेरी प्रस्ट हुने । जग्गाको चारै तर्फको सिमानामा विवाद भए/नभएको साथै सधियारहरुबाट बुझ्ने ।

ट. लालपुर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/ मिल्दैन, जग्गामा गरेको हकभोगको आकार प्रकार मिल्छ/मिल्दैन एकिन गर्ने । नक्सा बमोजिमको जमिनमा एकिन गर्न फिल्ड रेखाङ्कन गराउने ।

ठ. यदि घर बनेको जग्गा छ भने घरको नक्सा पास भए/नभएको एकिन गर्ने नभएको भए नक्सा पास गराएपछि मात्र खरिद गर्ने ।

ड. तपाईले किन्न लागेको जग्गा सरकारी तथा सार्वजनीक (ऐलानी, प्रति, गौचरण ईत्यादी) त हैन यकिन गरेर मात्र लिनुहोला त्यस्तो जग्गा कारोवार गर्नु गैरकानुनी हो ।

भूमि शाखा

भक्तिराम भुसाल
प्रमुख प्रशासकीय अधिकृत

ईमेल: banganagamun@gmail.com वेभसाइट:www.banganagamun.gov.np सम्पर्क नं. ०७६-५५०३८३